# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, असोज ३० गते, २०८० साल

## भाग १

## काठमाडौँ महानगरपालिका
## दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्तिसम्बन्धी कार्यविधि, २०८०

**<u>प्रस्तावना</u>** : काठमाडौँ महानगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी, सञ्चालित कक्षा, कार्यरत शिक्षक र विषयका आधारमा दरबन्दी मिलान तथा काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २९(क) बमोजिम प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति गरी समग्र शैक्षिक

गुणस्तर अभिवृद्धि गर्न बाञ्छनीय भएकाले काठमाडौं महानगरपालिका, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ तथा काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५७(ख) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "**दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्तिसम्बन्धी कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "**ऐन**" भन्नाले काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "**कार्यपालिका**" भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "**दरबन्दी**" भन्नाले सामुदायिक विद्यालयको शिक्षकको स्वीकृत स्थायी दरबन्दी सम्झनु पर्छ र सो शब्दले करार, राहत अनुदान कोटा र प्राविधिक धारतर्फका प्रशिक्षक समेतलाई जनाउँछ ।

(घ) "**दरबन्दी मिलान**" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई यस कार्यविधिबमोजिम विद्यार्थी सङ्ख्या, शैक्षिक योग्यता, विषय, सम्बन्धित विद्यालयमा कार्यरत सेवा अवधि समेतका आधारमा सरुवा गर्ने, पदस्थापन गर्ने वा मिलान गरी दरबन्दी थपघट गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "**प्रमुख**" भन्नाले काठमाडौं महानगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) "**महानगरपालिका**" भन्नाले काठमाडौं महानगरपालिका सम्झनु पर्छ ।

(छ) "**विद्यालय**" भन्नाले महानगरपालिका क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बाल शिक्षादेखि कक्षा बाह्रसम्मका विद्यालय सम्झनु पर्छ र सो शब्दले कक्षा बाह्रभन्दा तल्लो तहसम्म मात्र सञ्चालन भएका सामुदायिक विद्यालय समेतलाई जनाउँछ ।

(ज) "**विभाग**" भन्नाले काठमाडौं महानगरपालिकाको शिक्षा विभाग सम्झनु पर्छ ।

(झ) "**शिक्षा विद्/विषय विज्ञ**" भन्नाले सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरेको र कम्तिमा माध्यमिक तह द्वितीय श्रेणी वा विश्वविद्यालयको उपप्राध्यापक सरहको अनुभव भएको वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सेवामा उपसचिव सरह वा सोभन्दा माथिल्लो तह र श्रेणीको अनुभव भएको सम्बन्धित विषयको विज्ञ सम्झनु पर्छ ।

(ञ) "**शिक्षा अधिकारी**" भन्नाले काठमाडौं महानगरपालिकाको शिक्षा अधिकारी सम्झनु पर्छ ।

(ट) "**समिति**" भन्नाले काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा १२ बमोजिमको नगर शिक्षा समिति सम्झनु पर्छ ।

(ठ) "**कार्यदल**" भन्नाले दफा ८ बमोजिमको कार्यदल सम्झनु पर्छ ।

# परिच्छेद-२
## दरबन्दीसम्बन्धी व्यवस्था

३. **दरबन्दी निर्धारण** : (१) महानगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा आधारभूत तहको प्रारम्भिक बाल शिक्षादेखि कक्षा पाँचसम्म काठमाडौं भएको विद्यालयमा सञ्चालित कक्षा र विद्यार्थी सङ्ख्याको आधारमा र आधारभूत तहको कक्षा छदेखि आठ तथा माध्यमिक तहमा विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा र विषयका आधारमा शिक्षक दरबन्दी निर्धारण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको दरबन्दी निर्धारण गर्दा दफा ४ का आधारमा गर्नुपर्नेछ ।

४. **दरबन्दी मिलानका आधार** : (१) समितिले दरबन्दी मिलान गर्दा देहायका आधारमा गर्नेछ :-

(क) चालु शैक्षिक सत्रको अद्यावधिक तहगत र कक्षागत विद्यार्थी सङ्ख्या ।

(ख) विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, राहत, अनुदान कोटाको सङ्ख्यात्मक विवरण ।

(२) उपदफदा (१) बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आएका दरबन्दी जगेडामा राखी विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताको आधारमा समितिले दरबन्दी कायम गर्नेछ ।

(३) उपदफा (२) वमोजिम विद्यालयगत दरबन्दी कायम गर्दा विशेष प्रकृतिका विद्यालयभन्दा अन्य विद्यालयमा “क” र “ख” वर्गका अपाङ्गता भएका शिक्षकमध्ये दृष्टिविहीन र शारीरिक रूपले अशक्त शिक्षकको दरबन्दीलाई विद्यालयको कायम हुने दरबन्दीमा गणना गरिनेछैन ।

(४) पहिलोपटक दरबन्दी मिलान गर्दा यो कार्यविधि जारी भएको शैक्षिक सत्रको विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या र विद्यालय सङ्ख्यालाई आधार लिनुपर्नेछ ।

(५) विशेष प्रकृतिका शिक्षा प्रदान गर्ने विद्यालयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेको मापदण्डबमोजिम हुनेछ ।

(६) दरबन्दीलाई समानुपातिक तरिकाले वितरण गर्दा अपुग भएमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा क्रमशः पूर्ति गर्न सकिनेछ ।

५. **दरबन्दी कायम** : (१) समितिले सामान्यत: महानगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा न्यूनतम दरबन्दी देहायबमोजिम कायम गर्नेछ :

| क्र. सं. | विद्यालयको प्रकार | शिक्षक विद्यार्थी अनुपात | कायम हुने न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्र/पूर्व प्राथमिक विद्यालय | १:२० | १ | २० जनाभन्दा बढी बालबालिका भएमा १० देखि २० जनासम्मका लागि थप एक दरबन्दी |
| २ | आधारभूत तह (कक्षा १ देखि ५) | १:३० | ६ | |
| ३ | आधारभूत तह (कक्षा ६ देखि ८) | १:३० | ५ | नेपाली १, अङ्ग्रेजी १, गणित १, विज्ञान १, सामाजिक १ (कक्षा १–८ मात्र सञ्चालन भएका र न्यून विद्यार्थी भएका |

| क्र. सं. | विद्यालयको प्रकार | शिक्षक विद्यार्थी अनुपात | कायम हुने न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|---|
| | | | | विद्यालयमा विज्ञान र गणितको १ जना मात्र दरबन्दी रहनेछ) |
| ४ | माध्यमिक तह (कक्षा ९ देखि १०) | १:३० | ५ | नेपाली १, अङ्ग्रेजी १, गणित १, विज्ञान १, सामाजिक १ |
| ५ | माध्यमिक तह (कक्षा ९ देखि १२) | १:३० | ७ | नेपाली १, अङ्ग्रेजी १, गणित १, विज्ञान १, सामाजिक १, अन्य २ (विज्ञान विषय पठनपाठन हुने भए थप १ विज्ञान शिक्षक) |

**नोट** : उल्लिखित विद्यार्थी सङ्ख्याको ५० प्रतिशतभन्दा बढी विद्यार्थी भएमा थप एक दरबन्दी कायम गर्न प्राथमिकता दिइनेछ।

(२) प्राविधिक धारको विषय पठनपाठन हुने विद्यालयमा दरबन्दी कायम गर्दा सङ्घीय व्यवस्थाबमोजिम हुनेछ ।

६. **तह वा कक्षा थपघटसम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिबमोजिम समितिले दरबन्दी कायम गर्दा कुनै कक्षामा विद्यार्थी सङ्ख्या न्यून भए तापनि विद्यालयका तल्लो वा माथिल्लो कक्षामा विद्यार्थी सङ्ख्या बढी भै विद्यालय समायोजन हुन नसक्ने भएमा त्यस्तो विद्यालयको तह वा कक्षा घटाउन सक्नेछ ।

(२) उपदफदा (१) बमोजिम विद्यालयको तह वा कक्षा घटाउँदा बढी हुने दरबन्दी जगेडामा राखी उक्त दरबन्दीमा कार्यरत शिक्षकलाई अन्य विद्यालयमा खटाउनुपर्नेछ ।

७. **<u>शिक्षक काज वा सरुवा</u>** : (१) यस कार्यविधिबमोजिम दरवन्दी मिलान, विद्यालयको तह वा कक्षा घटाएपछि सामुदायिक विद्यालयका शिक्षकको काज वा सरुवा गर्दा प्राथमिकताका आधारमा क्रमश: देहायबमोजिम गरिनेछ :-

(क) लगातार एउटै विद्यालयमा पाँच वर्ष वा सोभन्दा बढी समय कार्यरत रहेका शिक्षक,

(ख) अनुदान कोटा (राहत) तथा करारमा कार्यरत शिक्षकमध्ये बरिष्ठ शिक्षक,

(ग) अनुदान कोटा (राहत) तथा करारमा कार्यरत शिक्षकबाट नपुग भएमा वा अनुदान कोटा नरहेको विद्यालयमा बरिष्ठ स्थायी शिक्षक,

(घ) आधारभूत तह (६-८) र माध्यमिक तह (९-१२) का शिक्षक सरुवा गर्दा विषयगत रूपमा दरबन्दी कायम राखी बढी हुन आउने एउटै विषयको शिक्षक भएमा सो विषयका वरिष्ठ शिक्षक,

(ङ) माध्यमिक तह (९-१२) सञ्चालित विद्यालयमा दरबन्दी थप भएमा स्नातकोत्तर गरेका शिक्षकलाई प्राथमिकता दिने ।

(२) यो कार्यविधि जारी भएपछि शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न नभएसम्मका सबै दरबन्दी जगेडामा राखी काजमा खटाउन सकिनेछ ।

(३) प्रत्येक वर्ष शैक्षिक सत्र सुरुहुनु भन्दा कम्तिमा एक महिनाअगावै एउटै विद्यालयमा लगातार पाँच वर्ष सेवा अवधि पूरा गरेका शिक्षकलाई सरुवा गरिनेछ ।

८. **दरबन्दी मिलान कार्यदल** : (१) समितिको प्रत्यक्ष निर्देशनमा रही दरबन्दी मिलान र निर्धारणसम्बन्धी सिफारिससहित प्रतिवेदन पेस गर्न देहायबमोजिमको दरबन्दी मिलान कार्यदल रहनेछ :-

(क) शिक्षा अधिकारी - संयोजक

(ख) शिक्षा क्षेत्रको अध्यापन वा शिक्षा प्रशासन वा व्यवस्थापनमा कम्तिमा अधिकृतस्तर वा सोसरह अनुभव भएका व्यक्ति मध्येबाट प्रमुखले मनोनित गरेका दुईजना - सदस्य

(ग) अध्यक्ष, नेपाल शिक्षक महासंघ, काठमाडौं महानगरपालिका - सदस्य

(घ) विद्यालय शिक्षा शाखा हेर्ने शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको कार्यदलको बैठकमा आवश्यकतानुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यदलले सामान्यत: प्रत्येक वर्ष महानगरपालिकाभित्रका विद्यालयको दरबन्दी मिलानसम्बन्धी कार्य गरी शिक्षा तथा स्वास्थ्य समितिबाट अनुमोदन भएपश्चात शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिनाअगावै सिफारिससहितको प्रतिवेदन समितिमा पेस गर्नुपर्नेछ ।

तर, यो कार्यविधि जारी भएपछि पहिलो पटकका लागि शिक्षक दरबन्दी मिलानको कार्य दुई महिनाभित्र र शिक्षक व्यवस्थापनसम्बन्धी कार्य छ महिनाभित्र सम्पन्न गरी प्रतिवेदन समितिसमक्ष पेस गर्नुपर्नेछ ।

(४) कार्यदलका सदस्य तथा आमन्त्रित सदस्यले महानगरपालिकाले तोकेको बैठकभत्ता र अन्य सुविधा पाउनेछन् ।

(५) उपदफदा (१) को खण्ड (ख) बमोजिमका मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(६) कार्यदलको बैठकसम्बन्धी अन्य व्यवस्था कार्यदल आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-३
## प्रधानाध्यापकसम्बन्धी व्यवस्था

९. **प्रधानाध्यापकको व्यवस्था** : (१) न्यूनतम शैक्षिक योग्यता भएका र सम्बन्धित तहमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेका महानगरपालिकामा कार्यरत सामुदायिक विद्यालयका शिक्षकमध्येबाट काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २९क. बमोजिम खुला प्रतिस्पर्धाबाट पाँच वर्षका लागि प्रधानाध्यापकको छनोट गरिनेछ।

(२) उपदफा (१) बमोजिम आधारभूत तह (कक्षा १ देखि ५) को प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा प्रवीणता तह वा सोसरह, आधारभूत तह (कक्षा १ देखि ८) को प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह वा सोसरह र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सोसरह उत्तीर्ण गरेको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता हुनेछ ।

(३) रिक्त रहेको प्रधानाध्यापक पदमा महानगरपालिकाभित्रका योग्यता पुगेका शिक्षकहरूमध्येबाट दरखास्त पेस गर्न १५ दिनको सूचना प्रकाशित गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम आवेदन पेस गर्दा माध्यमिक तहको प्रधानाध्यापकको लागि रु. दुईहजार, आधारभूत तह (कक्षा १-८) का लागि रु. एक हजार पाँच सय र आधारभूत तह (कक्षा १-५) का लागि रु. एक हजार राजश्व दाखिला गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

(५) प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्न देहायका सदस्यहरू रहेको एक छनोट समिति रहनेछ :-

(क) शिक्षा अधिकारी - संयोजक

(ख) शिक्षाविद्/विज्ञमध्येबाट प्रमुखले तोकेको कम्तिमा एक महिला सहित तीनजना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा अधिकृत - सदस्य–सचिव

(६) समितिले आवश्यकताका आधारमा विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिले आवश्यकताअनुसार उपसमिति गठन गरी कार्य गर्न सक्नेछ ।

(८) यस दफाबमोजिम छनोट भई नियुक्त हुने प्रधानाध्यापकसँग शिक्षा अधिकारीले दुई वर्षका लागि कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(९) यो कार्यविधि जारी हुँदाका बखत समयावधि बाँकी रहेका प्रधानाध्यापकसँग समेत उपदफा (८) बमोजिमकको कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(१०) उपदफा (८) र (९) बमोजिकको कार्यसम्पादन करार पाँच वर्षमा नबढ्ने गरी बढीमा दुई दुई वर्षका लागि गरिनेछ ।

(११) यस दफाबमोजिम कार्य सम्पादन करार गरेका प्रधानाध्यापकको कार्यसम्पादन स्तर निश्चित सूचकका आधारमा मूल्याङ्कन गर्दा न्यूनतम ६० प्रतिसत उपलब्धि हासिल हुन नसकेमा कार्यसम्पादन करारको नवीकरण गरिनेछैन ।

१०. **प्रधानाध्यापक छनोटका आधार** : प्रधानाध्यापक छनोटका आधार देहायबमोजिम हुनेछन् :-

| **क्रसं** | **विवरण** | **अङ्क** |
|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **२५** |
| | क. न्यूनतम शैक्षिक योग्यता | १५ |
| | ख. माथिल्लो शैक्षिक योग्यता | १० |
| २ | **शिक्षण अनुभव** | २५ |
| ३ | **शैक्षिक तालिम** | **१२** |
| | क. शैक्षिक तालिम | १० |
| | ख. विद्यालय व्यवस्थापन तालिम | २ |
| ४ | **अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | **१२** |
| **५** | **विद्यालय विकास प्रस्ताव** | **१४** |
| | क. विद्यालय विकास प्रस्ताव | १० |
| | ख. विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ |
| ६ | **नेतृत्व लिने क्षमता** | **१२** |
| | क. शिक्षा अधिकारीको मूल्याङ्कनबाट | ५ |
| | ख. व्यवस्थापन समितिको मूल्याङ्कनबाट | ५ |
| | ग. सम्बन्धित विद्यालयका शिक्षकको मूल्याङ्कनबाट | २ |
| | **जम्मा** | **१००** |

<u>द्रष्टव्य</u> :

(१) न्युनतम शैक्षिक योग्यताबापत अङ्क प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यताबापत प्रथम श्रेणीको लागि १५ अङ्क, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ । माथिल्लो शैक्षिक योग्यताबापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ । माथिल्लो शैक्षिक योग्यता भन्नाले आधारभूत तह कक्षा १-५ का लागि स्नातक, आधारभूत तह कक्षा १-८ का लागि स्नातकोत्तर र माध्यमिक तहको लागि एमफिल वा सोभन्दा माथिको उपाधिलाई जनाउनेछ ।

(२) शिक्षण अनुभवबापत अङ्क प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो, सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइनेछ । तर महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ ।

(३) तालिमअन्तर्गत शैक्षिक तालिमबापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ । श्रेणी नखुलेको तालिमलाई, द्वितीय श्रेणीको अङ्क दिइनेछ । शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालिमबापत मात्र अङ्क पाउनेछ ।

तालिमअन्तर्गत विद्यालय व्यवस्थापन तालिमबापत एकमुस्ट २ अङ्क प्रदान गरिनेछ ।

(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजाबापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा ४ अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजाबापत अङ्क दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछ :-

अध्यापन गरेकाे विषयकाे कक्षागत औसत उत्तीर्ण प्रतिशत* ४
सम्बन्धित बिषयकाे भाैगाेलिक एकाइकाे औसत उत्तीर्ण प्रतिशत

(क) भाैगाेलिक एकाइकाे औसत उत्तीर्ण प्रतिशतकाे अङ्क ४० भन्दा कम भएमा ४० लाई मानिनेछ । यस खण्डकाे प्रयाेजनका लागि "भाैगाेलिक एकाइ" भन्नाले महानगरपालिकालाई जनाउँछ ।

(ख) सम्बन्धित विद्यालयबाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यापकका लागि उम्मेद्वार भएकाे अवस्थामा निजले पढाएकाे विद्यालयकाे विद्यार्थीकाे उपलब्धिकाे आधारमा यस खण्डअनुसारकाे मूल्याङ्कन गर्नुपर्नेछ ।

(ग) विद्यालय व्यवस्थापन समिति र सम्बन्धित विद्यालयका शिक्षकबाट गरिने मूल्याङ्कन प्रधानाध्यापक उम्मेद्वार कार्यरत विद्यालयकै विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूकाे मूल्याङ्कनबाट गाेप्य रूपमा माग गरिनेछ ।

(५) देहायकाे कार्य ढाँचामा तयार भएकाे विद्यालय विकास प्रस्तावबापत अङ्क १० र साेकाे प्रस्तुतीकरणबापत ४ अङ्क दिइनेछ । प्रस्तावबापत अङ्क प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनुपरेमा साेकाे पुष्टयाइँसमेत दिनुपर्नेछ ।

(क) बर्तमान शैक्षिक र आर्थिक अवस्था,

(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि,

(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सूचकगत अन्तर,

(घ) अपेक्षित उपलब्धि हासिल नगर्ने स्रोत पहिचानसहितको कार्ययोजना,

(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरू ।

(६) प्रधानाध्यापकको उम्मेद्वारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन शिक्षा अधिकारी र ब्यवस्थापन समितिले देहायका आधारमा गर्नुपर्नेछ :-

| मूल्याङ्कनका आधारहरू | अतिउत्तम (१.२५) | उत्तम (१.००) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेसाप्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तरप्रतिको समर्पणभाव | | | | |
| (ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बिच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शितासम्बन्धी व्यवहार | | | | |
| **जम्मा** | | | | |

(७) सम्बन्धित विद्यालयको शिक्षकहरूले मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा उपदफा (६) मा उल्लिखित मूल्याङ्कनको आधारमा अतिउत्तम, उत्तम, मध्यम, सामान्यबापत क्रमशः ५, ४, ३ र २ अङ्क प्रदान गर्नुपर्नेछ । व्यवस्थापन समितिले शिक्षकहरूको अलग

अलग फारममा गोप्य मूल्याङ्कन गरी शिक्षा विभागमा बुझाउनु पर्नेछ। उम्मेद्वार हुने शिक्षक मूल्याङ्कनमा सहभागी हुन पाउनेछैन।

(८) व्यवस्थापन समितिले उम्मेद्वारको मूल्याङ्कन गर्दा बैठक बसी लिखित निर्णय गर्नुपर्नेछ।

(९) नेतृत्व लिने क्षमताबापत अङ्क प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा सोको पुष्ट्याईं समेत गर्नु पर्नेछ।

(१०) प्रधानाध्यापक पदको लागि सिफारिस गर्दा महिला, दलित र अपाङ्गता भएका उम्मेद्वारको अङ्क बराबर भएमा क्रमशः महानगरको स्थायी बासिन्दा, महिला, दलित, र अपाङ्गता भएका उम्मेदवारलाई प्राथमिकता दिई सिफारिस गर्नुपर्नेछ ।

(११) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा योग्यताक्रमका आधारमा विद्यालय छनोट गर्न अवसर प्रदान गरिनेछ ।

(१२) कम्तिमा ६० प्रतिशत अङ्क प्राप्त नगर्ने उम्मेद्वारलाई प्रधानाध्यापकका लागि सिफारिस गरिनेछैन ।

(१३) महानगरपालिकाबाट करार नियुक्ति भएका र करार अवधि कायम रहेका प्रधानाध्यापकलाई समेत आवश्यकताका आधारमा विद्यालय सुधारका लागि प्रस्तावना माग गरी प्रस्तुति गराउन सकिनेछ ।

(१४) करार अवधि बाँकी रहेका प्रधानाध्यापक दरबन्दी मिलानका सिलसिलामा अन्यत्र विद्यालयमा खटिई जान चाहेमा यस कार्यविधिबमोजिमको प्रक्रियामा सामेल हुनुपर्नेछ र यसरी प्रक्रियामा सामेल भएमा विद्यालयको करार स्वत: समाप्त भई निजको प्रधानाध्यापक पद रिक्त हुनेछ ।

## परिच्छेद-४
## विविध

**११. सहायक प्रधानाध्यापक तथा संयोजकसम्बन्धी व्यवस्था** : (१) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकलाई सहयोग गर्नका लागि विद्यालय सञ्चालन भएको तहकै योग्यता पुगेको शिक्षकलाई विषयतगत दक्षता र नेतृत्व लिनसक्ने क्षमताका आधारमा सहायक प्रधानाध्यापक नियुक्त गर्न सक्नेछ।

(२) प्रधानाध्यापकले गुणस्तर र व्यवस्थापन सुधारका लागि विद्यालयमा तहगत रूपमा शिक्षकलाई संयोजक तोक्न सक्नेछ । संयोजक तोक्दा विषयतगत दक्षता, कार्यरत तह र नेतृत्व लिनेसक्ने सिपको मूल्याङ्कन गरी तोक्नुपर्नेछ ।

**१२. उजुरी** : यस कार्यविधिबमोजिम भएका कामकारबाही सम्बन्धमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले कार्यपालिकासमक्ष उजुरी गर्न सक्नेछ ।

**१३. अधिकार प्रत्यायोजन** : यस कार्यविधिअनुसारको कुनै पनि समितिले आफ्नो अधिकार समितिको संयोजक वा सदस्य सचिव वा सदस्य वा कुनै पनि कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. खर्चको आधार** : यस कार्यविधिबमोजिमका प्रक्रियामा हुने खर्च लोक सेवा आयोगको नर्म्स बमोजिम हुनेछ ।

**१५. बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा सोको फुकाउने अधिकार समितिलाई हुनेछ ।

**१६. कार्यविधि संशोधन** : यस कार्यविधिमा थपघट वा संशोधन गर्नुपरेमा शिक्षा तथा स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१
## (दफा ९ (३) सँग सम्बन्धित)
## प्रधानाध्यापक पदको दरखास्त फाराम

**हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (फोटोमा पर्ने गरी दस्तखत)**

विज्ञापन नं.

आवेदकको नाम :                लिङ्ग :

जन्म मिति :                सम्पर्क नं.

इमेल:

स्थायी ठेगाना :                अस्थायी ठेगाना :

कार्यरत विद्यालय :

स्थायी नियुक्ति मिति :                नियुक्ति भएको विषय :

बढुवा भएको भए तह र श्रेणी :                बढुवा मिति :

**(न्यूनतम र माथिल्लो शैक्षिक योग्यताको विवरणमात्र पेस गर्ने)**

| क्र.सं. | शैक्षिक योग्यता | विषय | विश्वविद्यालय/बोर्ड | प्राप्ताङ्क | प्रतिशत/GPA |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

माथि उल्लिखित बेहोरा सही साँचो हो । फरक परेमा कानुनबमोजिम सहुँला, बुझाउँला ।

नाम :

हस्ताक्षर :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>संलग्न गर्नुपर्ने आवश्यक कागजात (प्रतिलिपि)</u>

(क) सम्बन्धित तहको नियुक्ति पत्र (बढुवा भए सोसमेत),

(ख) तालिमको प्रमाणपत्र,

(ग) नेपाली नागरिकताको प्रमाणपत्र,

(घ) विद्यालयबाट सेवा अवधि प्रमाणित पत्र,

(ङ) न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताका प्रमाणपत्र ।

स्वीकृत मिति : २०८०/०६/३०

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**